नरैनापुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नरैनापुर बाँके

(वातावरण संरक्षण नियमावली २०७७ को नियम ३ संग सम्वन्धित )
नरैनापुर गाउँपालिका वडा न. ४ मा पर्ने जयरामपुरवा देखि उत्तर तर्फको खालि जग्गामा गौशाला निर्माणका लागि

## (सार्बजनिक सूचना )

**प्रस्ताबकाको नाम : नरैनापुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय नरैनापुर , बाँके**

**प्रस्ताबको नाम :** नरैनापुर गाउँपालिका वडा न. ४ मा पर्ने जयरामपुरवा देखि उत्तर तर्फको खालि जग्गामा गौशाला निर्माणका लागि प्रारम्भिक वातावरणीय परिक्षण

**प्रस्ताबको ब्यहोरा :** नरैनापुर गाउँपालिका क्षेत्राधिकारमा गौशाला निर्माण प्रयोजनकालागि प्रारम्भिक वातावरणीय परिक्षण गर्न **"प्रारम्भिक वातारणीय परीक्षण"** को कार्यसूची (Terms of Reference) गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय अध्ययन कार्यविधि २०७७ को दफा ४ को उपदफा (४) बमोजिम मिति २०७७/१०/१० मा स्वीकृत भएको छ। वातावरण संरक्षण ऐन २०७६ र नियमावली २०७७, तथा स्थानीय सरकार संचालन ऐन २०७४, नियम तथा मन्त्रालयका निर्देशनहरुको अधीनमा रही गौशाला निर्माण गर्नलाई तयार पारिएको प्रारम्भिक वातावरणीय परिक्षण प्रयोजनका लागि सम्बन्धीत क्षेत्रसंग सम्वन्धीत सवालहरुको बारेमा प्रस्ताब कार्यान्वयन हुने क्षेत्रका ब्यक्ति वा सस्थाको जैविक,भौतिक,आर्थिक,सामाजिक एवं वातावरणका पक्षमा पर्न सक्ने प्रभाब सम्बन्धी राय सुझाव लिनु पर्ने भएकाले सोहि नियम अनुसार यो सूचना प्रकासित गरिएको छ। माथिको प्रस्ताब कार्यान्वयनबाट प्रभाब पर्न सक्ने माथि उल्लेखित वडाका विद्यालय,स्वास्थ्य सस्थाहरु,सरोकारवाला संघसस्था र ब्यक्तिहरु यो सूचना प्रकासित भएको मितिले ७ दिन भित्र निम्न ठेगानामा आइपुग्ने गरि लिखित राय सुझाव उपलब्ध गराइदिन हुन अनुरोध छ।

प्रस्तावक : **नरैनापुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय नरैनापुर , बाँके**

फोन न.. फोन न. ९८५८०५६७१०
Email:- info@narainapurmun.gov.np

**प्रमुख प्रशासकीय अधिकृत**